



# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ५८ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष ३१ अंक ८ | बैशाख २०८१ | Year 31 Vol 8 | April/May 2024


## राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको आ.व. २०८०/०८१ को तेश्रो त्रैमाससम्मको वित्तीय विवरणहरु सार्वजनिक

**काठमाडौं, १६ बैशाख**

नेपाल सरकारको स्वामित्व रहेको यस राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको आ.व.२०८०/०८१ को तेस्रो त्रैमाससम्मको वित्तीय विवरणहरु प्रकाशित भएको छ । बैंकले यस अवधिमा रु. २ अर्ब ३७ करोड खुद मुनाफा आर्जन गर्न सफल भएको छ । आ.व. २०८०/८१ को बैंकको खुद ब्याज आम्दानी रु. ७ अर्ब ९७ करोड, कुल सञ्चालन आम्दानी रु. ८ अर्ब ९३ करोड, कुल समग्र आम्दानी (Total Comprehensive Income) रु. ३ अर्ब ४१ करोड तथा वितरणयोग्य मुनाफा रु. २४ करोड ६२ लाख रहेको छ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईको आफ्नै बैंक

२०८० चैत मसान्तमा बैंकको ग्राहक निक्षेप रु.३ खर्ब ६८ अर्ब र खुद कर्जा तथा सापट रु. २ खर्ब ५९ अर्ब पुगेको छ। २०८० चैत मसान्तसम्ममा पुँजी कोष अनुपात (Capital Adequacy Ratio) १२.३२ प्रतिशत, कर्जा तथा निक्षेप अनुपात (CD Ratio) ७०.५३ प्रतिशत, आधार दर (Base Rate) ७.३१ प्रतिशत, निष्क्रिय कर्जा अनुपात (NPA) ४.३० प्रतिशत, व्याजदर अन्तर (Spread Rate) ३.८२ प्रतिशत, कोषको लागत दर (Cost of Funds) ५.२९ प्रतिशत तथा प्रतिशेयर आम्दानी (Earning Per Share) रु.२०.२५ रहेको छ। बैंकले नेपाल राष्ट्र बैंकले निर्धारण गरेको सूचकाङ्कहरु परिपालना गर्न तथा प्रमुख परिसूचकहरुमा सुविधाजनक स्थिति कायम गर्न सफल भएको छ।

बैंकको उपरोक्त सफलताको लागि उल्लेखनीय योगदान पुर्‍याउनु हुने सम्पूर्ण निक्षेपकर्ता, कर्जा ग्राहक, शेयरधनी, नेपाल सरकार, कार्यरत कर्मचारी लगायत समग्र सरोकारवालाहरु प्रति बैंक हार्दिक धन्यवाद प्रकट गर्दछ साथै भविष्यमा अझै उत्कृष्ट सेवा प्रदान गर्दै उत्कृष्ट नतिजा हासिल गर्ने प्रतिवद्धता व्यक्त गर्दछ।

उक्त वित्तीय विवरणहरु बैंकको website: www.rbb.com.np मा समेत राखिएको छ। ■

## रा.वा. बैंकको प्रमुख कार्यकारी अधिकृत पदमा २० जनाको आवेदन

**काठमाडौं, २७ बैशाख**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको रिक्त रहेको प्रमुख कार्यकारी अधिकृत पदमा २० जनाको दरखास्त आवेदन परेको छ। रामदेव यादव, अगम मुखिया, दुर्गा कुमारी कँडेल छत्कुली, नरेशराज अर्याल, पवन रेग्मी, विष्णुदेव यादव, विष्णुवावु मिश्र, प्रकाशचन्द्र अधिकारी, डा. रामराज उपाध्याय, देवेन्द्ररमण खनाल, दिर्घबहादुर अर्याल, फविन्द्र खत्री, गणेशप्रसाद गौतम, कृष्णबहादुर अधिकारी, सुरेश देवकोटा, शंकर केसी, प्रमोदबाबु तिवारी, कृष्णप्रसाद आचार्य, शंकरकुमार रायमाझी र माधवप्रसाद रेग्मीले दरखास्त आवेदन दिनुभएको छ। उम्मेदवारको शैक्षिक योग्यता, कार्य अनुभव र पेस भएको व्यवसायिक कार्य योजना मुल्यांकन आधारमा ५ जना अन्तर्वाताका लागि छनौट हुनेछन्। पाँचै जनाले दिने प्रस्तुति र अन्तर्वाताको आधारमा उच्चत्तम अंक प्राप्त गर्ने ३ जनालाई प्रमुख कार्यकारी अधिकृत पदको लागि सिफारिस गरिनेछ। जसमध्ये बैंक सञ्चालक समितिले एक जनालाई बैंकको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्ति गर्नेछ।

बैंकले २०८१ बैशाख ७ गतेबाट २१ दिनको म्याद राखी २७ गतेसम्म प्रमुख कार्यकारी अधिकृत पदमा खुला प्रतिस्पर्धात्मक प्रतियोगिताको आधारमा पदपूर्ति गर्ने भएकाले दरखास्त आवेदन माग गरेको थियो। किरणकुमार श्रेष्ठ प्रमुख कार्यकारी अधिकृत पदबाट आफ्नो ८ वर्षे कार्यकाल पूरा गरी गत चैत २८ गते देखि बैंक सेवाबाट निवृत्त(अवकाश) हुनु भएपछि बैंकको प्रमुख कार्यकारी अधिकृत पद रिक्त रहेको छ। ■

# ग्राहक सेवा सम्बन्धी तालिम सम्पन्न



**काठमाडौं, १६ बैशाख**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड सिकाई तथा विकास विभागको आयोजनामा बैंकमा कार्यरत कर्मचारीहरुलाई नेपालगञ्मा प्रभावकारी ग्राहक सेवा सम्बन्धी तालिम आयोजना गरिएको छ । नेपालगञ्जमा बैंशाख १५ देखि १६ गते सम्म लुम्बिनी, कर्णाली र सुदूर पश्चिम प्रादेशिक कार्यालय अन्तर्गतका ग्राहक सेवा कक्षमा कार्यरत ८० जना कर्मचारीहरुलाई तालिम प्रदान गरिएको छ।

ग्राहक सम्बन्ध व्यवस्थापन, दस्तखत तथा आवश्यक काजगात जाँच, ब्रान्च अपरेशन म्यानुअल, खाता खोल्ने तथा कस्टुमर टाइप म्यापिङ्ग, ट्रस्ट एएमएल तथा कम्प्लायन्स, डिजिटल बैंकिङ्ग तथा मर्चेण्ट बैंकिङ्ग सम्बन्धी विषयमा बैंकका कर्मचारीहरुबाट विषयगत तालिम प्रदान गरिएको छ । तालिम कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृत, विभागीय प्रमुखहरु र प्रादेशिक प्रबन्धक, शाखा प्रबन्धकहरुको उपस्थिति रहे को थियो। ■

## कर्जा इन्चार्जहरुलाई कर्जा सम्बन्धी तालिम प्रदान



**काठमाडौं, २० बैशाख**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड सिकाई तथा विकास विभागको आयो जनामा बैंकमा कार्यरत कर्जा इन्चार्जहरुलाई इटहरीमा कर्जा सम्बन्धी तालिम आयोजना गरिएको छ । इटहरीमा बैंशाख १७ देखि २० गते सम्म कोशी तथा मधेश प्रादेशिक कार्यालय अन्तर्गतका ५१ जना कर्जा इन्चार्जहरुलाई तालिम प्रदान गरिएको छ।

कर्जा जोखिम भारित सम्पत्ति सम्बन्धी, उपभोक्ता कर्जा सम्बन्धी, कर्जा लगानी प्रक्रिया तथा वित्तीय विश्लेषण, कर्जाका कानूनी विषय, कृषि कर्जा सम्बन्धी, राष्ट्र बैंकको एकिकृत निर्देशन तथा निरिक्षण, सिआइसी भ्यालीडेसन, गैरकोषमा आधारित व्यवसाय तथा जोखिम विश्लेषण सम्बन्धी विषयमा बैंकका कर्मचारीहरुबाट विषयगत तालिम प्रदान गरिएको छ। तालिम कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृत, विभागीय प्रमुखहरु र प्रादेशिक प्रबन्धक, शाखा प्रबन्धकहरुको उपस्थिति रहेको थियो। ■

## शेराबजारमा एटिएम सेवा सञ्चालन




**काठमाडौं, ८ बैशाख**

राष्ट्रिय वाणिज्य बैक लिमिटेड शाखा कार्यालय शेराबजारले एक कार्यक्रमका बीच एटिएम सेवा सञ्चालनमा ल्याएको छ । बाग्लुङ्ग जिल्ला जैमिनी नगरपालिकाका नगर प्रमुख नर बहादुर पुनले उक्त कार्यक्रमको उदघाटन गर्नु भएको छ । उक्त अवसरमा प्रमुख अतिथि एवं नगर प्रमुख नर बहादुर पुनले एटिएम सञ्चालनले डिजिटल बैकिङ कारोबारलाई अघि बढाउदै शाखा सञ्चालनलाई थप विस्तार गर्न सकिने, २४/७ ATM खुल्ला हुने हुंदा ग्राहक वर्गमा थप सुविधाको अवसर प्रदान हुन जाने तथा बिहान बेलुका पनि बैंकिङ्ग सेवा प्राप्त गर्न सहज हुने बताउनुभयो । उक्त कार्यक्रममा जैमिनी नगरका उपप्रमुख हरिहर शर्मा, प्रशासकिय अधिकृत हरि बहादुर भुजेल, पल्लोपाखा सामुदायिक मा.विका प्रधानाध्यापक टेक नारायण आचार्य, शाखा प्रबन्धक शोभा आचार्य लगायत विद्यालयका शिक्षकहरु तथा सामाजिक व्यक्तित्वहरु एवम् कार्यालयका कर्मचारीहरुको उपस्थिति रहेको थियो । ■



# एक्सेल, वर्ड तथा पावरपोइन्ट सम्बन्धी तालिम सम्पन्न

**काठमाडौं, १८ बैशाख**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजनामा माइक्रोसफ्ट एक्सेल, वर्ड तथा पावरपोइन्ट सम्बन्धी तालिम काठमाडौंमा सम्पन्न भएको छ । बैशाख १६ देखि १८ गतेसम्म बैंकका विभाग तथा काठमाडौं उपत्यका भित्रका विभिन्न शाखा कार्यालयमा कार्यरत ३३ जना कर्मचारीहरु सहभागी भएको तालिममा माइक्रोसफ्ट वर्ड, पावरपोइन्ट तथा Excel essentials, Formatting and ease of use, Data analysis, Advanced worksheet functions, Advanced Calculations, Advanced data analysis and representations, Templates and printing, Lookup, Use of pivot table सम्बन्धी विषयमा एक देबकोटा एण्ड कम्पनीका सिए मनोज काफ्ले, सशी थपलिया र बसन्त जयसवालले विषयगत प्रशिक्षण दिनुभएको थियो ।

## ब्रान्च प्रोफाइल

### (आ.व. २०७९।०८० को घ वर्गको उत्कृष्ट शाखा)

### शाखा कार्यालय बेल्टार (२३७) उदयपुर



कुल निक्षेप = रु. ७८,७५,१६,७३४।७१
कुल कर्जा = रु. ४४,११,०५,१४५।७१
कुल मुनाफा = रु. ५२,६०,७८६।५०
कुल कर्मचारी संख्या = ६ जना
खराब कर्जा प्रतिशत = ० प्रतिशत
शाखा प्रबन्धक ईश्वर श्रेष्ठ
शाखा कार्यालयको स्थापना मिति=२०३९।०९।२७, पुनःस्थापना:२०६७।०१।०५
प्रति कर्मचारी:
क.निक्षेप = रु. १३,१२,५२,७८९।१२
ख.कर्जा = रु. ७,३५,१७,५२४।२९
ग. नाफा = रु. ८,७६,७९७।७५

**सफलताको रहस्य :**

ग्राहकप्रति जिम्मेवार तथा गुणस्तरीय सेवा, कामप्रति "कर्म नै धर्म हो" भन्ने मुलमन्त्रलाई आत्मसात गर्दै Team Spirit को विकास, अनुशासन तथा नीति नियममा रही कार्यसम्पादन, कर्मचारीहरु बीचमा सुमधुर सम्बन्ध तथा समन्वय, लक्ष्यप्रति सदैव दत्तचित्त भई कार्यसम्पादन नै शाखाको प्रगतिको मुल आधार रहेको छ ।

# विदेश/तालिम




Banking, Finance and Insurance Institute of Nepal Limited (BFIN) ले Colombo Plan Staff College(CPSC) सँगको सहकार्यमा Manila, Philippines मा सञ्चालन गरेको Management Development Program विषयक तालिम कार्यक्रममा मिति 2024 April 29- May 3 सम्म तपसिल बमोजिमका बैंकका कर्मचारीहरुले भाग लिनु भएको छ ।

१. मुख्य प्रबन्धक भीमप्रसाद घिमिरे (११०९६)
२. मुख्य प्रबन्धक भौलानाथ पौडेल (१११९५)
३. बरिष्ठ प्रबन्धक अबिता श्रेष्ठ (११२२४)

## समवेदना

यस बैंकका शा.का. बेनीबजारमा कार्यरत बरिष्ठ सहायक (नगद) शिशिरकुमार हमाल (१२६२२) की माता तेजकुमारी हमाल, शा.का.बानेश्वरमा कार्यरत सहायक प्रबन्धक (नगद) श्यामबहादुर खड्का (१२३१३) की माता मनकला खड्का, शा.का.सु.ब.भैरहवामा कार्यरत शाखा सहायक प्रबन्धक सुनिल ठाकुर(१२८६४) की माता धर्मवती ठाकुर, शा.का. बेलौरीमा कार्यरत बरिष्ठ सहायक नन्दन जोशी(१२८८९) का पिता जयभक्त उपाध्याय, शा.का.भीमफेदीमा कार्यरत बरिष्ठ सहायक माधव कुंवर(१३४५७) की माता जानकादेबी कुंवरको केही पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि.
परिवार

**प्रकाशक**
**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड**
प्रमुख कार्यकारी अधिकृतको कार्यालय
सिंहदरबारप्लाजा, काठमाडौं, फोनः ०१-४२५२५९५, Ext. २४२३
ई-मेलः rbbnl@rbb.com.np
वेबसाइटः www.rbb.com.np

**प्रमुख सल्लाहकार**
**देवेन्द्ररमण खनाल**
का.मु.प्रमुख कार्यकारी अधिकृत

**सल्लाहकार**
**देवेश प्रसाद लोहनी**
उपकार्यकारी अधिकृत तथा सूचना अधिकारी

**सम्पादक**
**ईश्वर उप्रेती**

**डिजाइन**
**राजु तामाङ**